# नेपाली छापामा तिब्बती शरणार्थीको कभरेज

अच्युत अर्याल

## पृष्ठभूमि

तिब्बतमाथि अहिले संसारको आँखा परेको छ । उत्तरी सिमाना तिब्बतसँगै जोडिएको हुँदा नेपाल संसारको त्यो व्यवहारबाट पृथक् रहन सक्दैन । झन् सुरक्षित स्थानका रूपमा नेपालमा बसेर तिब्बतलाई चलाउँदै चीनसँगको 'इगो' साट्न उद्यत शक्तिराष्ट्रहरूका कारण नेपाल दिनदिनै तिब्बत मामिलामा फस्दै गएको छ (दाहाल २०६७ : ८९) । यस्तो परिवेशमा नेपालले एकतिर छिमेकी देश चीनसँगको पुरानो दौत्य सम्बन्ध कायम राख्नुछ भने अर्कातर्फ अर्को छिमेकी देश भारत र पश्चिमा राष्ट्रहरू (अमेरिका, बेलायत र अन्य युरोपेली देश) सँगको सम्बन्धलाई पनि सँगसँगै लिएर जानुपर्ने बाध्यता छ । नेपालको टाउको दुखाइको मुख्य विषय नै यहीँनेर रहेको देखिन्छ । तिब्बतका सन्दर्भमा छिमेकी देश भारत र पश्चिमा राष्ट्रको एउटै चासो छ र त्यो हो – तिब्बतीहरूको मानवअधिकार । बरु 'एक चीन-नीति'मा यी देशहरूबीच फरक-फरक दृष्टिकोण विद्यमान छ । तर तिब्बतीहरूको मानवअधिकारका सवालमा भने सबै एकै ठाउँमा आइपुग्छन् (नायक सन् २००९) । झन् संसारभरि पुगेका वा छरिएका तिब्बती शरणार्थीहरूलाई आ-आफ्नो ढंगले अर्थ्याउने र आफूअनुकूल व्याख्या तथा विश्लेषण गरी प्रयोग

*मिडिया अध्ययन* ७ : १२५-१४० २०६९

गर्ने हिसाबले अघि बढेका विभिन्न देशका सरकारका नीति तथा कार्यक्रमहरू पछिल्ला समयमा चाखलाग्दा देखिएका छन् । यो सन्दर्भमा जोडिएर आउँछ, नेपालको तिब्बत नीति र त्यसपछि तिब्बती शरणार्थीप्रति नेपाल सरकारको दृष्टिकोण अनि व्यवहार । छिमेकीको हिसाबले नेपालमाथि पर्ने चिनियाँ दबाब एकातिर छ भने विकासोन्मुख प्रजातान्त्रिक गणतन्त्रात्मक राष्ट्रका हिसाबले शक्तिराष्ट्रहरूमार्फत आउने दबाब अर्कातिर छ । एउटाले तिब्बती शरणार्थीलाई बन्देज लगाऊ भन्छ भने अर्कोले स्वतन्त्रता देऊ भन्छ । नेपालको मुख्य चुनौती भनेकै तिब्बत मामिला र तिब्बती शरणार्थीका सम्बन्धमा आउने दुईतर्फी दबाबलाई आत्मसात् गर्दै कुटिल र रणनीतिक हिसाबबाट नेपाल सरकारको आधिकारिक अवधारणा तय गर्नु, ताकि सर्प पनि मरोस् र लट्ठी पनि नभाँचियोस् । अर्थात् कुनै पनि राष्ट्रसँग नेपालको सम्बन्ध नबिग्रियोस् तथा तिब्बती शरणार्थीलाई पनि सहयोग (फाइदा) नै पुगोस् ।

यो काम कुशलतापूर्वक सम्पन्न गर्न नेपाली मिडियाको अहम् भूमिका रहन्छ । अर्थात् नेपाली छापामाध्यमले यस क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्न सक्छन् । तिब्बती शरणार्थीको मुद्दालाई नेपाली छापाले आफ्नो समाचार र विचारमा कभरेज दिई संसारलाई सुसूचित गर्न सक्छन् र जुन काम धेरै अघिदेखि हुँदै पनि आइरहेको छ । यो अध्ययनको मुख्य उद्देश्य नेपालको असंलग्न परराष्ट्र नीतिको कसीमा चीनसँगको सम्बन्ध र नेपाल–चीन सम्बन्धमा नेपालले अख्तियार गरेको 'एक चीन–नीति' अवधारणालाई नेपाली छापा माध्यमको कभरेजले दिएको प्राथमिकता जान्नु हो । तिब्बती शरणार्थीलाई लिएर अन्य देशहरूसँग नेपालको सम्बन्ध र नेपाली छापाले लिएको नीतिलाई समेट्ने प्रयाससमेत यहाँ गरिएको छ । संसारका चर्चित मिडियाले तिब्बत मामिलालाई महत्त्व दिएको अवस्थामा नेपाली मिडियाको प्राथमिकता अध्ययन पक्कै पनि सान्दर्भिक विषय हो ।

प्रस्तुत अध्ययनमा सातओटा छापाहरूका विषयवस्तुलाई हेरिएको छ । दैनिक अखबारतर्फ *कान्तिपुर, गोरखापत्र, द हिमालयन टाइम्स, रिपब्लिका;* समाचारमूलक म्यागेजिनतर्फ *हिमाल* पाक्षिक, *नेपाल* साप्ताहिक र *स्पटलाइट* साप्ताहिकलाई अध्ययनमा पारिएको छ । छनौटमा परेका नेपाली छापाका तीन महिनाभित्र छापिएका तिब्बती शरणार्थीकेन्द्रित सामग्रीहरू (समाचार/विचार) लाई विषयवस्तु विश्लेषण पद्धतिमार्फत व्याख्या–विश्लेषण गरी अध्ययन गरिएको छ । ३० सेप्टेम्बर २०१० देखि ३१ डिसेम्बर २०१० सम्मको अवधिमा प्रकाशित अंकहरू अध्ययनमा समेटिएका छन् । विषयवस्तु विश्लेषणको पद्धतिबाहेक

सर्वेक्षण र त्यसभित्र प्रश्नावली, अन्तर्वार्ता अनि घटना अध्ययनमार्फत संख्यात्मक र गुणात्मक तथ्यांकहरू प्राप्त गरी त्यसको प्रस्तुतीकरण गरिएको छ । समाचार र विचारको 'कोण' नाप्ने आधार नेपालको 'एक चीन-नीति'लाई मानिएको छ भने यिनैको आकर्षक संख्यात्मक प्रस्तुतीकरणसमेत गरिएको छ ।

यो लेख मूलतः कभरेज विश्लेषण हो । त्यसअन्तर्गत पत्रिकाको समाचार, विचार तथा सम्पादकीय कभरेजको विश्लेषण गरिएको छ ।

## कभरेज विश्लेषण

यस अनुसन्धानका क्रममा अध्येय छापाहरूले तिब्बती शरणार्थीलाई दिएको कभरेज अंकलाई तालिका १ मा प्रस्तुत गरिएको छ । नेपाली छापाले तिब्बती शरणार्थीलाई दिएको कभरेजलाई फरक-फरक शीर्षक र उपशीर्षकभित्र राखेर हेर्ने जमर्कोसमेत यहाँ गरिएको हो । अध्ययन क्षेत्रभित्र परेका छापाका तीन महिना (९० दिन) का अंकहरूलाई पूर्णांक (१००) मानेर त्यस अवधिमा छापिएका सामग्रीको जम्मा अंक निर्धारण गरिएको छ । तिब्बती शरणार्थीबारे छापिएका पूर्ण वा आंशिक सामग्री प्रत्येकलाई अंक एक (संख्या १) मानिएको हो । संख्यात्मक रूपमा तिब्बती शरणार्थीका विषय अध्येय छापामा निर्धारित समयमा कति छापिए ? यसको निर्क्योल गरी छापिएका सामग्रीहरू कुन विधा (क्षेत्र) अन्तर्गत परे भनी उपशीर्षकमार्फत समेत हेर्ने जमर्को तालिका १ मा गरिएको छ ।

**तालिका १ : नेपाली छापामा तिब्बती शरणार्थीको कभरेज तथ्यांक**
**(३० सेप्टेम्बर २०१० देखि ३१ डिसेम्बर २०१० सम्म)**

| क्रसं | पत्रिका | समाचार र विचार | | विषयवस्तु | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाल भित्रका घटना र मुद्दाहरू | नेपाल बाहिरका घटना र मुद्दाहरू | दलाई लामा | निर्वासनको तिब्बत सरकार | नेपालभित्रका तिब्बती शरणार्थी | नेपाल बाहिरका तिब्बती शरणार्थी |
| १. | कान्तिपुर | ६ | ७ | २ | ० | ६ | ५ |
| २. | गोरखापत्र | २ | ३ | ० | १ | ३ | १ |
| ३. | द हिमालयन टाइम्स | २ | ५ | २ | ३ | २ | ० |
| ४. | रिपब्लिका | ७ | ६ | २ | १ | ६ | ४ |
| ५. | हिमाल | २ | ० | ० | ० | २ | ० |
| ६. | नेपाल | २ | ० | ० | ० | २ | ० |
| ७. | स्पटलाइट | १ | ० | ० | ० | १ | ० |
| जम्मा | ७ | २२ | २१ | ६ | ५ | २२ | १० |

स्रोत : संख्यात्मक अनुसन्धान (गणना) बाट प्राप्त तथ्यांक ।

ब्रोडसिट दैनिक र म्यागेजिनको विश्लेषण गर्दा तिब्बती शरणार्थीको संख्यात्मक कभरेज दैनिकमा धेरै संख्यामा भएको देखिन्छ भने गुणात्मक कभरेजचाहिँ म्यागेजिनमा धेरै देखिन्छ । यहाँनेर प्रश्न उठ्न सक्छ कि गुणात्मक कभरेज हेर्ने मापदण्ड के ? हो, विश्लेषणमा प्रयोग भएको पद्धति, गहिराइ, भाषा, कोण, क्षेत्र, पत्रकारिताको नीति, सिद्धान्त, धर्म, मूल्य, मान्यता, कानुन आदि नै मापदण्ड हुन् । यसरी म्यागेजिनमा पनि नेपाली भाषाका म्यागेजिनको भन्दा अंग्रेजी म्यागेजिनको गुणात्मकता बढी पाइयो । नेपाली भाषाका म्यागेजिनको तुलनामा विषयको गहिराइ, कोण, क्षेत्र आदिले अंग्रेजी म्यागेजिनको कभरेज गुणात्मकता बढी भएको देखाउँछ । जस्तै, सुशील शर्माले तिब्बती शरणार्थी मुद्दाबारे विभिन्न आयाममा व्याख्या गर्दै लेखेको लेखलाई जम्माजम्मी छ पृष्ठमा कभरेज दिने काम *स्पटलाइट* म्यागेजिनले गरेको छ (शर्मा सन् २०१०) । अन्तर्राष्ट्रिय पाठक र दक्ष पत्रकारका कारण पनि यो लेखमा गुणात्मकता झल्कन सकेको यथार्थलाई चाहिँ भुल्न सकिँदैन ।

नेपाली छापाले तिब्बती शरणार्थीलाई कभरेज दिँदा दुई तरिका अपनाउने गरेको पाइयो । पहिलो एकांगी कभरेज र दोस्रो आंशिक कभरेज । एकांगी कभरेज दिइएका सामग्री पूर्णरूपमा तिब्बती शरणार्थी मुद्दावरिपरि नै घुमेको पाइयो भने आंशिक कभरेज दिइएका सामग्रीमा नेपाल–चीन सम्बन्धमा लेखिएका सामग्रीमा तिब्बती शरणार्थी पनि जोडिएर आएको पाइयो । सरकारी छापाभन्दा निजी क्षेत्रका छापामा तिब्बती शरणार्थीका विषयलाई बढी प्राथमिकता दिएको देखिन्छ ।

सामग्रीको दृष्टिकोणबाट हेर्दा अध्ययन अवधिभर तिब्बती शरणार्थीबारे जम्मा १४ ओटा लेखरचना र दृष्टिकोण छापिएका छन् । संख्यालाई छाडेर विचार र दृष्टिकोणको 'कोण' नाप्ने हो भने तिब्बती शरणार्थीबारे चासो भएका उनीहरूलाई माया गर्ने, उनीहरूको मानवअधिकारप्रति संवेदना भएका जनसमुदाय (वर्ग) पनि नेपालमा प्रशस्त भएको भान हुन्छ । र, अन्त्यमा छापिएका सामग्रीको विविधतालाई संख्यात्मक दृष्टिले हेर्दा क्रमशः फिचर आलोचनात्मक विश्लेषण, लेख, कडा समाचार, नरम समाचार र विशेष रिपोर्टिङ आदिले घट्दो संख्यात्मक महत्त्वका साथ नेपाली छापामा प्राथमिकता पाएको पनि अध्ययनका दौरान गरिएको विश्लेषणबाट प्रस्ट भएको छ ।

## *समाचार र विचार*

तालिका १ अनुसार तीन महिनाको अवधिमा अध्ययन गरिएका नेपाली छापाले तिब्बती शरणार्थीसम्बन्धी जम्मा ४१ ओटा सामग्रीलाई कभरेज दिएको

(छापेको) देखिन्छ । समाचार र विचारको बृहत् क्षेत्रभित्र अटाउने यी सामग्रीभित्र तिब्बती शरणार्थीका यावत् मुद्दाहरू छरिएका छन् । जसमध्ये नेपालभित्र घटेका घटना र मुद्दाहरूलाई समेटेर तयार पारिएका सामग्रीहरू सबै अध्येय मिडियामा गरी जम्मा २२ ओटा देखिन्छन् । त्यत्तिकै संख्यामा नेपालबाहिरका तिब्बती शरणार्थीका मुद्दा र प्रसंगका सामग्रीलाई समेत नेपाली छापाले स्थान दिएको छ । समाचार कभरेजमा कतिपय सन्दर्भमा 'छिमेकीपन' वा 'निकटता'लाई आधार मानिएको छ भने अधिकांश अवस्थामा 'अन्तर्राष्ट्रिय चासो' लाई आधार मानिएको समाचारको विश्लेषणबाट देखिन्छ । समाचार लेखनमा कडा समाचार लेखनको ढाँचा-परम्परागत 'उल्टो पिरामिड' शैलीलाई अवलम्बन गरिएको पाइन्छ । यस हिसाबले तिब्बती शरणार्थीबारे समाचार लेख्दा नेपाली छापा (विशेष गरी ब्रोडसिट दैनिकहरू) बढी वस्तुनिष्ठ हुन खोजेको भान पर्छ । तिब्बती शरणार्थीसम्बन्धी नेपाली छापाका समाचारलाई तुलना गर्दा स्रोत र स्रोतले दिएको उद्धरणमा विविधता महसुस गरिएको छ ।

अन्तर्राष्ट्रिय समाचार संस्थामार्फत सिंगै साभार गरिएका समाचारबाहेक नेपाली पत्रकार आफैँले लेखेका नेपालभित्रका घटना तथा मुद्दाका समाचारको विश्वसनीयता अर्थपूर्ण रहन्छ । *गोरखापत्र*ले 'राष्ट्रपति चीन भ्रमणमा, राष्ट्रपतिको स्वागतमा ल्हासामा रात्रिभोज' शीर्षक दिएर लेखेको समाचारको एक अंश यस्तो छ :

> भेटमा नेपाली पक्षले एक चीन-नीतिप्रतिको प्रतिबद्धता दोहोऱ्याउँदै तिब्बतका साथै चीनविरूद्ध आफ्नो देशको भूमि प्रयोग हुन नदिने दृढता व्यक्त गऱ्यो । एक चीन-नीतिको नेपाली प्रतिबद्धताको सराहना गर्दै चीनका विरूद्ध नेपाली भूभाग प्रयोग नहुने विश्वास तिब्बती पक्षले व्यक्त गरेको थियो (गोरखापत्र २०६७क) ।

यही घटनाको समाचारलाई 'चीनसँग सम्बन्ध प्रगाढ' शीर्षक दिएर लोकमणि राईको बाइलाइनसहित २०६७ कात्तिक १६ मा *कान्तिपुर* दैनिकले यसरी छापेको छ :

> भ्रमणमा सहभागी पर्यटन तथा नागरिक उड्डयनमन्त्री शरत्सिंह भण्डारीले चीनको नेपाल-नीतिमा परिवर्तन नआएको बताए । आइतबार सांघाईमा करिब २५ मिनेट भएको भेटवार्तामा चिनियाँ प्रधानमन्त्री जियाबाओले राष्ट्रपति यादवलाई नेपालको आन्तरिक मामिला...चिनियाँ प्रधानमन्त्री जियाबाओसँगको भेटमा राष्ट्रपति यादवले नेपालको एक चीन-नीतिप्रतिको प्रतिबद्धता दोहोऱ्याएका थिए । प्रत्युत्तरमा जियाबाओले नेपालले लिएको एक चीन-नीतिको

प्रशंसा गर्दै चीनको सुरक्षा चासो सम्बोधन गर्न नेपालले खेलेको भूमिकाप्रति धन्यवाद दिए (राई २०६७) ।

माथिका एउटै प्रसंगका समाचारमा उल्लिखित विषय, सामग्री र पक्षले नेपाली पत्रकारिताको रिपोर्टिङ परिपाटीको यथार्थतासमेत उजागर गरेको छ । *गोरखापत्र*को समाचारमा नेपाली पक्ष र चिनियाँ पक्ष मात्र भनिएको छ, तर सम्बन्धित पक्षको परिचय खुलाइएको छैन भने *कान्तिपुर*को समाचारमा प्रस्टसँग घटना र पात्रहरूको परिचय खुलाइएको छ अभिव्यक्तिसँगै । पत्रकारिता क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा स्रोतलाई उद्धृत गर्नु अति आवश्यक मानिएको तर्क आमसञ्चारका प्राध्यापक पी खरेलको रहेको छ :

पत्रकारिताका आधारभूत मूल्य-मान्यतालाई स्थापित गराउने काममा सही स्रोतको प्रयोगले प्रमुख भूमिका खेलेको हुन्छ । स्रोतलाई व्यवस्थित गर्न र सही रूपमा समाचारमा स्थान दिन सकेमा मात्रै प्रत्येक पाठक, श्रोता र दर्शकले सही सूचना प्राप्त गर्न सक्छन् । सूचना सामग्रीका स्रोतमै खोट देखिएमा र सही ढंगबाट प्रयोग हुन नसक्दा अकल्पनीय समस्या उत्पन्न हुने मात्र नभई समग्र पत्रकारिताजगत्कै विश्वसनीयतामा प्रश्न उब्जिन्छ । स्रोतबाट आउने धारणालाई उद्धृत गर्दा सकेसम्म न्याय गर्नु प्रत्येक सञ्चारकर्मीको मूल दायित्व र धर्म हो । स्रोतका भनाइलाई उद्धृत गर्नाले समाचारको मुख्य केन्द्र बनाउन, थप जोड दिन, विशेष ध्यानाकर्षण गराउन तथा विषयलाई व्यक्तिगत तहबाट व्यापक स्तरमा रूपान्तरित गर्न सहयोग गर्छ । स्रोतबाट प्राप्त गर्न छानिएका शब्द, वाक्यांश अथवा वाक्यहरूलाई सही र प्रभावकारी ढंगबाट प्रयोग गर्न सकेमा मात्र पत्रकारिता क्षेत्रले विश्वसनीयता आर्जन गर्न सक्छ (खरेल २०६७ : ५५) ।

नेपाली छापाले 'एक चीन-नीति'लाई समाचारमा प्राथमिकता दिएको चाहिँ प्रस्ट हुन्छ । तर मानवीय संवेदना अर्थात् मानवअधिकारको पाटोलाई पनि नेपाली छापाले चटक्कै बिर्सिएको चाहिँ देखिँदैन । सरकारले 'एक चीन-नीति' लिएको बेला त्यही सरकारी पत्रिकाले 'शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गर्नुपर्ने' शीर्षकमा यस्तो समाचार छापेको छ :

मानवअधिकार संगठनका अध्यक्ष सुदीप पाठकले शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, १९५१ लाई नेपाल सरकारले अनुमोदन गर्नुपर्नेमा जोड दिनुभएको छ ।... नेपालमा चीन स्वशासित क्षेत्र तिब्बत, भुटान, भारतको काश्मीर, अफ्रिका र बर्मालगायतका गरी १२ मुलुकका

> शरणार्थी रहेकाले शरणार्थी समस्या समाधान गर्न नेपालले राजनीतिक प्रतिबद्धता जनाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो (गोरखापत्र २०६७ख : ३) ।

यसबाट के प्रस्ट हुन्छ भने नेपाली छापाले तिब्बती शरणार्थीको समाचार कभरेज गर्दा दुईओटा कोण अँगालेको देखिन्छ । एउटा 'एक चीन-नीति'को कोण त अर्को 'मानवअधिकार'को कोण ।[1] सरकारी सञ्चारमाध्यमले समेत यो दुवै कोणबाट समाचार र विचार सम्प्रेषण गरी सन्तुलित बन्ने प्रयास गरेको देखियो । सम्पादकीयमार्फत नै 'एक चीन-नीति'को वकालत गर्ने अध्येय छापामाध्यमले विचारमा पनि सकेसम्म यही अवधारणा कायम राख्न खोजेको देखिन्छ ।

सबैभन्दा पहिला *कान्तिपुर* दैनिकका दुई उदाहरण :

> चीन स्वयंले पनि तिब्बती मामिलामा नेपाललाई जेजति संवेदनशील मान्छ त्यसले यहाँ उसको चासो बढाउँदै लानेछ, तर चिनियाँ चासोलाई भारतले जुन हदसम्म असहज ठान्न थालेको छ, अमेरिकाले भने त्यस्तो अपरिपक्व शैली अपनाउने देखिन्न (शर्मा २०६५क : ६) ।

> संयोगवश नेपाली राजनीतिमा भारतको हात माथि रहेकै बेला बेइजिङ ओलम्पिकताका तिब्बतमा गडबडी सुरु भयो । -चीनले तिब्बती खतरा देखेझैँ भारतले आतंकवादी आश्रयथलो, नक्कली मुद्रालगायतका भारतविरोधी गतिविधि यहाँबाट भइरहेको भन्छ (शर्मा २०६७ : ६) ।

यसै गरी *गोरखापत्र* दैनिकबाट दुई उदाहरण प्रस्तुत गरिन्छ :

> अन्तर्राष्ट्रिय राजनीतिक मामिलामा साँच्चै अमेरिकाको 'इन्ट्रेस्ट'अनुसार भारत आउने हो भने आज भू-मण्डलीय राजनीतिको केन्द्रबिन्दुजस्तो बनेको नेपालसमेत नराम्ररी प्रभावित हुने देखिन्छ । चीनका विरूद्ध तिब्बतलाई उचाल्न नेपाली भूमि प्रयोग हुन सक्ने र नेपाल अन्य पृथक्तावादी तथा आतंकवादीहरूको आश्रयस्थल हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन (भण्डारी २०६७ : ६) ।

> उता चीनका पनि भारतप्रतिका गुनासा कम छैनन् । तिब्बती धर्मगुरु दलाई लामालाई दिएको आश्रय र प्रतिवर्ष १० हजारभन्दा बढीको संख्यामा भारत आउने तिब्बती शरणार्थीलाई

---

[1] अन्तर्राष्ट्रिय सम्बन्ध विश्लेषक चिरनशमशेर थापा, भेषबहादुर थापा, श्रीकान्त रेग्मी, युवनाथ लम्साल र पत्रकार किरण चापागाईं, गोपाल खनाल, लेखनाथ अधिकारी र विष्णु रिजालसँग सन् २०१० का विभिन्न महिनामा गरिएको कुराकानी ।

दिल्लीले चिनियाँ शान्ति र स्थायित्व भड्काउन प्रयोग गर्छ भन्ने बुझाइ बेइजिङको छ (सुवेदी २०६७ : ६) ।

ब्रोडसिट दैनिकलाई छाडेर म्यागेजिनतर्फ हेर्ने हो भने तिब्बती शरणार्थीको विषयलाई नेपाली सन्दर्भमा हेर्दा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूले नेपालमा खेल्न (चलखेल गर्न) प्रयोग गरिरहेको दृष्टिकोणबाट अर्थापन (व्याख्या-विश्लेषण) गरिएको पाइन्छ ।[२] चीन, भारत, अमेरिका र युरोपेली राष्ट्रहरूको चेपुवामा नेपाल परेको विश्लेषणसहितका निष्कर्ष ती छापाका विभिन्न अंकमा भेटिएका छन् ।

*नेपाल* म्यागेजिनका दुई उदाहरण यसप्रकार छन् :

"महामहिम ! नेपालमा चीनविरोधी गतिविधि बढिरहेको छ । हाम्रो आन्तरिक अखण्डता र सार्वभौमिकताकाविरूद्ध ती गतिविधि लक्षित छन् । हामी यस्तो सहन सक्दैनौँ," भदौ २७ गते उच्चस्तरीय चिनियाँ प्रतिनिधिमण्डलका नेता तथा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय सचिवालयका सदस्य हे यङले राष्ट्रपति रामवरण यादवलाई भन्दै गए, "यसमा हाम्रो गहिरो चासो छ ।" प्रत्युत्तरमा राष्ट्रपति यादवले भने, "धमिलो पानीमा कसैले माछा मार्ने काम गरेको हुन सक्छ, कसैले अस्थिरताको फाइदा लिएको रहेछ भने त्यसलाई कडाइका साथ रोकिनेछ" (भट्टराई २०६७क) ।

"भारतभन्दा पनि पश्चिमा मुलुकहरूले नेपालको उत्तरी सिमानामा दबाब बढाएको चीनको भनाइ आएको छ ।" ६ पुसमा काठमाडौँ आएको चीनको स्वशासित क्षेत्र तिब्बत सरकारका उपप्रमुख ली चाओको ६ सदस्यीय टोलीले यस्तो धारणा राखेको हो ।... सचिव कुसुमले मार्चको उत्सवमा नेपालका तर्फबाट गतिविधि गर्न नदिनेतर्फ ढुक्क हुन आश्वासन दिएका थिए (भट्टराई २०६७ख) ।

यसै गरी *हिमाल* म्यागेजिनका दुई उदाहरण यसप्रकार छन् :

२०६७ भदौ २५ मा काठमाडौँ आएका चिनियाँ कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हे यङले राष्ट्रपति, प्रधानमन्त्री र सबैजसो दलका प्रमुख नेताहरूलाई भेटेर 'नेपालमा बढिरहेको चीनविरोधी गतिविधि हामी सहन सक्दैनौँ' सम्म भने । पछिल्लो समय काठमाडौँमा ओइरिरहेको चिनियाँ प्रतिनिधि मण्डलहरूको भाषा पनि फेरिएको छ । ...तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद

[२] विश्लेषक खेमराज आत्रेयसँग ४ जुलाई २०१० मा गरिएको कुराकानी ।

कोइरालाले "हामी प्रजातान्त्रिक मुलुक हौँ, शान्तिपूर्ण प्रदर्शन त गर्न दिनुपर्छ" भनेर यसको बचाउ गरे पनि तिब्बती प्रदर्शनकारीमाथि भएको हस्तक्षेप नेपाल सरकारको मानवअधिकारप्रतिको प्रतिबद्धतामाथि नै प्रश्न उठाउने खालको थियो (बोहरा सन् २०१०) ।

चीनको राष्ट्रिय एकताको अभियानलाई अधुरो राखेको ताइवानको एकीकरण र त्यसै अभियानअन्तर्गत बेइजिङको मातहत आएको तिब्बत र सिन्जियाङ प्रान्तको स्थायित्व चीनको परराष्ट्र सम्बन्धमा प्रमुख निर्धारक हुन् । ...नेपालको शान्ति-प्रक्रियाको उचित निष्कर्षसहितको स्थिरताले मात्र चीनको सुरक्षा चासोलाई सम्बोधन गर्न सक्ने यथार्थ बेइजिङको रणनीतिक जमातले बुझेको हुनुपर्छ (पौडेल २०६७) ।

तालिका १ मा तिब्बती शरणार्थीहरूलाई दिइएको कभरेज हेर्दा दलाई लामाको कभरेज संख्या-६, निर्वासनमा रहेका तिब्बती शरणार्थीको कभरेज संख्या-५, नेपालभित्रका तिब्बतीको कभरेज संख्या-२२ र अन्य राष्ट्रका तिब्बतीका बारेमा छापिएका सामग्री संख्या-१० देखिन आउँछ । जसका आधारमा यो प्रस्ट हुन आउँछ कि नेपाली छापाले समाचारीय मूल्य (न्यूज भ्यालु) को निकटतालाई आधार मानेर नेपालभित्रका तिब्बतीको कभरेजलाई पहिलो वा मुख्य प्राथमिकता दिएको देखिन्छ । साथै, अन्तर्राष्ट्रिय चासोका रूपमा हेरिने नेपालबाहिरका तिब्बती शरणार्थीका मुद्दालाई पनि नेपाली छापाले केही प्राथमिकतासाथ कभरेज दिने गरेको पाइयो ।

तर तालिका १ मा दिइएका एकाइगत कभरेजका सन्दर्भमा भने पहिलो प्राथमिकता नेपालभित्रकाले पाउनु छापाको पहुँच र पठनीयताको दृष्टिकोणबाट उचित पनि देखिन्छ । त्यसपछि क्रमशः अन्य राष्ट्रमा भएका तिब्बती शरणार्थीका मुद्दा, तिब्बती धर्मगुरु दलाई लामा र निर्वासित तिब्बती सरकारको एजेन्डा (धर्मशालाकेन्द्रित) ले पाउने गरेको तथ्य घट्दो संख्याको कभरेज प्राथमिकताले जनाउँछ ।

दलाई लामालाई केन्द्रमा राखेर अध्ययन गरिएको एउटा अन्तर्राष्ट्रिय शोधबारेको समाचारलाई *कान्तिपुर* दैनिकले प्राथमिकतासाथ छापेको छ । जसले तिब्बती शरणार्थीको मुद्दा र तिब्बती समूहमध्ये प्रमुख 'न्यूज मेकर' दलाई लामाबारेको कुनै पनि विषय नेपाली छापाका लागि गतिलो खुराक बनेको प्रमाणित गर्छ । समाचार यस्तो छ :

तिब्बतका निर्वासित धार्मिक नेता दलाई लामाले भ्रमण गरेका देशको चीनसँगको निर्यात व्यापार दुई वर्षमा ८.१ प्रतिशतले घटेको अध्ययनले देखाएको छ । ..."चीन आफ्नो व्यापारिक सम्बन्ध पुनर्स्थापित गर्न पनि चाहन्छ र दलाई लामाको भ्रमणबारे आक्रोश पनि देखाउन चाहन्छ"-फून्चसले भने (कान्तिपुर २०६७ : १४) ।

### *प्राथमिकता मापन : प्रथम पृष्ठ/कभर स्टोरी र सम्पादकीय*

तिब्बती शरणार्थीको विषयलाई नेपाली छापाले कभरेज दिने क्रममा प्रथम पृष्ठ वा 'कभर स्टोरी' र सम्पादकीयका रूपमा छापे कि छापेनन् भनेर हेर्नु उपयुक्त हुने भएकाले यस अध्ययनमा त्यसतर्फ पनि ध्यान दिइएको छ । यसो गर्नुको मुख्य कारण भनेकै प्रथम पृष्ठको कभरेजले सामग्रीलाई दिएको प्राथमिकता दर्शाउँछ भन्ने मान्यता प्रमुख कारकका रूपमा रह्यो । तालिका २ को तथ्यांक हेर्दा प्रस्ट छ कि नेपाली छापाले अध्ययन समयावधिभित्र जम्मा ११ ओटा समाचार/विचारलाई आफ्नो छापाको प्रथम पृष्ठ (कभर पृष्ठ) मा स्थान दिएका छन् । यसको अर्थ यो हुन जान्छ कि तिब्बती शरणार्थीका मुद्दा नेपाली छापाका लागि अति महत्त्वपूर्ण र प्राथमिक मुद्दा हुन् ।

**तालिका २ : कभरेजको स्थान**

| क्र.सं. | पत्रिका | कभरेज स्थान | |
|---|---|---|---|
| | | प्रथम पृष्ठ | सम्पादकीय |
| १ | कान्तिपुर | ४ | ३ |
| २ | गोरखापत्र | १ | ० |
| ३ | द हिमालयन टाइम्स | २ | ० |
| ४ | रिपब्लिका | २ | १ |
| ५ | हिमाल | ० | ० |
| ६ | नेपाल | १ | ० |
| ७ | स्पटलाइट | १ | ० |
| | जम्मा | ११ | ४ |

स्रोत : संख्यात्मक अनुसन्धान (गणना) बाट प्राप्त तथ्यांक ।

जम्मा छापिएका सामग्रीमध्ये *कान्तिपुर*ले चार, *द हिमालयन टाइम्स* र *रिपब्लिका*ले दुई-दुई, *गोरखापत्र*, *स्पटलाइट* र *नेपाल*ले एक-एकओटा सामग्रीलाई प्रथम पृष्ठमा यसरी प्राथमिकता दिएका छन् । *हिमाल* पाक्षिकले चाहिँ कभर स्टोरीका रूपमा तिब्बतीका मुद्दा छापेको पाइएन । यहाँनेर मननयोग्य कुरा के छ भने *कान्तिपुर*ले प्रथम पृष्ठमा तिब्बती शरणार्थीका मुद्दाबारे समाचार छाप्दा 'आंशिक सामग्री' र 'पूर्ण सामग्री' (पाठ) दुवै तरिकामा प्रस्तुत गरेको छ । नेपाल-चीन सम्बन्धमा प्रसंगवश तिब्बत मामिलालाई पनि समावेश गरेर समाचार दिने प्रचलनचाहिँ नेपाली ब्रोडसिट दैनिकको प्रथम पृष्ठमा अत्यधिक देखिन आयो । अति संवेदनशील र सुरक्षा जटिलताका विषयमा भने पूर्ण पाठ नै तिब्बती शरणार्थी मामिलाबारेको समाचार छापिने गरेको अध्ययनले देखाउँछ । जस्तै :

राष्ट्रपति रामवरण यादवको चीन भ्रमणको प्रसंगलाई प्रायः ब्रोडसिट दैनिकले 'नेपाल-चीन सम्बन्ध'भित्र जोडेका छन् । नेपालको 'एक चीन-नीति'लाई राष्ट्रपतिले दिएको जोडसहितका आंशिक सामग्री प्रथम पृष्ठमा छापेका छन् । 'विकिलिक्स' वेबसाइटले तिब्बती शरणार्थीबारे गरेको खुलासा समाचारलाई चाहिँ सबै दैनिक पत्रिकाले शरणार्थी रोक्न चीनले पैसा दिने आशयका शीर्षकसहित बक्स बनाएर वा हाइलाइट गरेर प्रथम पृष्ठमा सिरानमा स्थान दिएको देखिन्छ । चीन र नेपालबीच भएका महत्त्वपूर्ण सहयोग र सम्झौताका समाचारले पनि प्रथम पृष्ठमा स्थान ओगटेको देखिन्छ । प्रथम पृष्ठका कभरेज हेर्दा चीनले नेपालमा बढाउँदै लगेको चासोलाई नेपाली छापाले उजागर गर्न खोजेको देखिन्छ ।

कुनै मुद्दालाई अखबार वा सञ्चार गृहले दिएको प्राथमिकता सम्पादकीय हेरेर पनि मापन गर्न सकिन्छ । यद्यपि यसमा लेखकको नाम दिइँदैन । सम्पादकीय अखबारको आधिकारिक विचार पनि हो । यसमा पत्रकारले अखबारको भनाइ राख्दै सुझाव दिन, आलोचना गर्न र प्रस्ताव राख्न सक्छ । पत्रकारको मात्रै होइन, सम्पादकीयमा अखबारको मालिकको विचार पनि अभिव्यक्त हुन्छ (स्टेन र पाटेर्नो सन् २००३ : ८) ।

तिब्बती शरणार्थीलाई नेपाली छापाले सम्पादकीय कभरेज दिने गरेका छन् । अध्ययन अवधिभर अध्येय छापाले जम्मा चारओटा मात्रै सम्पादकीय तिब्बती शरणार्थीका बारेमा लेखेको पाइयो । तालिका २ अनुसार *कान्तिपुर* दैनिकले फरक-फरक मितिमा गरी जम्मा तीन पटक तिब्बती शरणार्थीसम्बन्धी मुद्दालाई आफ्नो सम्पादकीयमा छोएको देखिन्छ ।[३]

*रिपब्लिका* दैनिकले पनि समाचार कभरेजजस्तै तिब्बती शरणार्थीको विषयलाई सम्पादकीय कभरेज दिएको छ । अध्ययन अवधिभित्र खोज गर्दा सम्पादकीय संख्या (तिब्बती शरणार्थीबारे लेखिएको) जम्मा १ मात्र पाइए पनि यो पूरै एकांगी (पूर्ण पाठ तिब्बती शरणार्थी समस्यामा केन्द्रित रहेको) सम्पादकीय हो । यस्ता सम्पादकीय महत्त्वपूर्ण हुन्छन् । यो सम्पादकीयमा तीन अनुच्छेद छन् जसमा तिब्बती शरणार्थी समस्या उठान, त्यसको विस्तृत विश्लेषण र अन्त्यमा समाधान र नेपाल सरकारलाई दिइएको सुझावसहित सम्पादकीयको बिट मारिएको छ । समग्रमा *कान्तिपुर* र *रिपब्लिका* दुवैका सम्पादकीय नेपालको 'एक चीन-नीति'लाई

---

३ यद्यपि *कान्तिपुर*का तीनओटा सम्पादकीय पूर्ण रूपमा तिब्बती शरणार्थीबारे मात्रै केन्द्रित छैनन्, नेपाल-चीन सम्बन्धमा सम्पादकीय दृष्टिकोण लेख्दा *कान्तिपुर*ले तिब्बती शरणार्थीलाई पनि आंशिक रूपमा छोएको हुँदा तिनै अंश मात्र यो अध्ययनको दायरामा पर्न गएको छ ।

समर्थन गर्ने हिसाबले अभिव्यक्त भएका छन् । *कान्तिपुर*का सम्पादकीयमा नेपाल-चीन सम्बन्धबारे प्रसंगवश तिब्बती शरणार्थीको मुद्दालाई पनि स्थान दिइनुले यो प्रस्ट हुन्छ कि तिब्बती शरणार्थीको मुद्दाले पनि नेपाल-चीन सम्बन्धलाई निर्धारण गरेको हुन्छ जसलाई नेपाली छापाले पूर्ण समर्थन दिएका छन् । यस हिसाबले हेर्दा नेपाली छापा नेपालको अन्तर्राष्ट्रिय नीतिलाई सधैँ सम्मान गरेर सञ्चालन हुन्छन् भन्ने मान्यता स्थापित हुन पुगेको छ । किनकि सम्पादकीय भनेको सञ्चारमाध्यमको आधिकारिक धारणा हो । नेपाली ब्रोडसिटले तिब्बती शरणार्थीबारे सम्पादकीय लेखे पनि म्यागेजिनले चाहिँ सम्पादकीयमा शरणार्थीको मुद्दालाई प्राथमिकतामा राखेको पाइएन । यस्तै *द हिमालयन टाइम्स* र नेपाल सरकारको मुखपत्रसरह मानिने *गोरखापत्र*ले पनि तिब्बतीका बारेमा सम्पादकीय लेखेको चाहिँ देखिएन ।

## *फोटो*

छापामा फोटोको ठूलो महत्त्व रहन्छ । पत्रकारितामा भनाइ छ – एउटा फोटोले एक हजार शब्दलाई समेट्न सक्छ । फोटोको प्रयोगबाट पाठ्यसामग्रीहरू पनि रोचक हुने हुँदा पाठकहरूको ध्यान आकर्षण हुन्छ । विद्वान्हरूले फोटो पत्रकारितालाई क्यामेराको सहायताले दृश्यहरू संकलन गर्ने र तिनको सम्पादनलाई फोटो पत्रकारिता मानेका छन् । फोटो पत्रकारिता फोटो वा दृश्यको माध्यमबाट गरिने सञ्चार पनि हो ।

तिब्बती शरणार्थीसम्बन्धी खिचिएका फोटोहरू ठीक यसै गरी तिब्बतीका बारेमा हजारौँ शब्द बताउने सामर्थ्य राख्छन् भने यिनले गर्ने सञ्चार मानवीय पनि हुने गर्छ । अध्ययन अवधिभर अध्येय छापाहरूमा जम्मा-जम्मी सबै (सामान्य फोटो र समाचार फोटो दुवै) गरी नौओटा फोटो छापिएका छन् । *नेपाल* साप्ताहिकले विभिन्न अंकमा गरी (क्याप्सनसहित/रहित) पाँचओटा फोटो छापेको छ । तर ती फोटाहरू समाचारभन्दा पनि परिचयात्मक खालका छन् । दलाई लामा र चिनियाँ पदाधिकारीको परिचय जनाउने क्याप्सनसहितका फोटोलाई पत्रकारिता मान्ने हो भने *नेपाल*ले राम्रै कभरेज फोटोको माध्यमबाट दिएको छ । यस्तै, *हिमाल*ले २, *स्पटलाइट*ले १ र त्यो पनि प्रथम पृष्ठमा मात्र, *द हिमालयन टाइम्स*ले १ र अरूले शून्य फोटो छापेको देखिन्छ । यसबाट नेपाली म्यागेजिनले ब्रोडसिटको तुलनामा तिब्बती शरणार्थीको फोटो कभरेज केही बढी नै गरेको छ । *द हिमालयन टाइम्स*ले एउटा मात्रै समाचारीय मूल्यको फोटो (पोखरामा क्याम्पभित्र तिब्बती शरणार्थीले राखेको बिक्री कक्षका परम्परागत सामग्रीसहितको

श्यामश्वेत फोटो) छापेको थियो । यसरी हेर्दा म्यागेजिनले ब्रोडसिटको तुलनामा फोटो कभरेजलाई प्राथमिकता दिएको प्रस्ट हुन्छ ।

## *समाचारको स्रोत*

नेपाली छापाले तिब्बती शरणार्थीबारे सामग्री संकलन गर्दा मुख्यतया दुईओटा बृहत् स्रोतको उपयोग गरेको तालिका ३ ले देखाउँछ । नेपाली छापाले अन्य स्रोत (द्वितीय) वा एजेन्सीबाट लिएका सामग्रीभन्दा आफ्नै स्रोत जनशक्ति (प्राथमिक) मार्फत बढी सामग्री लिने गरेको छ । प्राथमिक स्रोतमार्फत प्राप्त समाचारको संख्या-२८ देखिन आउँछ; द्वितीयक स्रोतबाट निर्मित समाचार संख्या-१५ देखिन्छ । ब्रोडसिट दैनिकले सूचनाका लागि प्राथमिक स्रोतको सदुपयोग अधिक गरेको पाइयो भने म्यागेजिनले प्रायः द्वितीयक स्रोतलाई बढी उपयोग गरेको देखिन्छ । तर विषयवस्तुको स्पष्टीकरण, निष्पक्षता, सत्य-तथ्यता, सन्तुलन आदि कायम राख्ने क्रममा भने समाचारका विविध स्रोतहरू (सरकारी अधिकारी, गैरसरकारी संघ-संस्थाका पदाधिकारी, तिब्बती शरणार्थी नेता, राजनीतिक दलसँग आबद्ध पक्ष, मानव अधिकारवादी, पत्रकार, कानुनविद्, सुरक्षाविद्, अन्तर्राष्ट्रिय व्यक्तित्व आदि) लाई विषय संवेदनशीलता हेरी प्राथमिकता दिएको भेटियो । जसले सामग्रीलाई धेरै हदसम्म तथ्यपूर्ण बनाउन मद्दत गरेको पनि देखिन्छ ।

**तालिका ३ : समाचारको स्रोत**

| क्र.सं. | पत्रिका | सामग्री स्रोत | |
|---|---|---|---|
| | | प्राथमिक | अन्य |
| १ | कान्तिपुर | ८ | ५ |
| २ | गोरखापत्र | ४ | १ |
| ३ | द हिमालयन टाइम्स | ३ | ४ |
| ४ | रिपब्लिका | ८ | ५ |
| ५ | हिमाल | २ | ० |
| ६ | नेपाल | २ | ० |
| ७ | स्पटलाइट | १ | ० |
| | जम्मा | २८ | १५ |

स्रोत : संख्यात्मक अनुसन्धान (गणना) बाट प्राप्त तथ्यांक ।

यसै गरी नेपाली छापाले तिब्बती शरणार्थीका अन्तर्राष्ट्रिय मामिलाबारे समाचारचाहिँ अन्तर्राष्ट्रिय रूपमा नाम चलेका समाचार समितिलाई उद्धृत गर्दै छाप्ने गरेको देखिन्छ । अध्येय छापाका तीन महिनाका अंकमा नाम चलेका

अन्तर्राष्ट्रिय समाचार समितिबाट जम्मा छओटा समाचार लिएर छापेको देखिन्छ । उक्त संख्यालाई पूर्णांक मान्दा तालिका ४ मा जस्तो प्रतिशतको हिसाबकिताब हुन आउँछ :

**तालिका ४ : समाचार समितिको समाचार कभरेज**

| क्रसं | समाचार समिति | प्रतिशत |
|---|---|---|
| १ | एपी | ३३ |
| २ | एएफपी | ५० |
| ३ | पीटीआई | १७ |
| जम्मा | ३ | १०० |

स्रोत : संख्यात्मक अनुसन्धान (गणना) बाट प्राप्त तथ्यांक ।

## उपसंहार

नेपाली छापाले तिब्बती शरणार्थीलाई कभरेज दिँदा दिएको प्राथमिकता एकनासको नभएको पुष्टि भएको छ । तर पनि तिब्बती शरणार्थीको कभरेजलाई नेपाली मिडियाले उच्च स्थानमै राखेको देखिन्छ । समाचार र विचार दुवै विधामा तिब्बती शरणार्थीका मुद्दाले उल्लेख्य स्थान पाउनुले नेपाली छापाको तिब्बती मामिलामा रुचि दर्शाउँछ । तर समाचार-लेखन प्रस्तुतीकरण, विषयवस्तु प्राथमिकता, घटना समावेश, दृष्टिकोण, फ्रेमिङ, कोण आदिमा भने छापामाध्यमपिच्छे विविधता पाइएको छ । त्यसो हुनुमा तिब्बती शरणार्थीका सवालमा नेपालले लिएको 'एक चीन-नीति'लाई नेपाली छापाले हेर्ने दृष्टिकोण र त्यसको व्यावहारिक पक्ष प्रमुख कारक रहेको छ । नेपाली छापा तिब्बती शरणार्थीका सवालमा प्रस्ट रूपमा दुई धारमा अलग्गिएर चलिरहेको छ । तिब्बती शरणार्थीको कभरेज गर्ने निश्चित मापदण्ड छैन । यस सन्दर्भमा अन्तर्राष्ट्रिय प्रचलन, मान्यता र परिवेशलाई लोकतान्त्रिक स्वतन्त्रताभित्रको कसीमा तुलना गर्दै वैयक्तित निर्णयका आधारमा यसको कभरेज हेरिएको छ । प्रस्ट रूपमा तिब्बती शरणार्थीका पक्षमा र विपक्षमा कभरेज दिनेहरू छुट्टिएका छन् । तिब्बती शरणार्थीका सवालमा नेपाली छापाले नेपालको 'राष्ट्रिय स्वार्थ'लाई उजागर गर्न सकेको छैन । सम्पादकीयको विश्लेषणले नेपाली छापा नेपालको 'एक चीन-नीति'प्रति नै प्रतिबद्ध रहेको देखाउँछ । तर विचार (दृष्टिकोण) र समाचारको कभरेज विश्लेषणले दोधार सृजना गर्छ । तिब्बतीको मानवअधिकार र स्वतन्त्र तिब्बतलाई समर्थन गर्ने समुदाय एकतिर खडा हुँदै छ भने तिब्बत चीनको एक अभिन्न अंग हो र स्वतन्त्र तिब्बत आन्दोलन नाजायज छ भन्ने जमात अर्कातर्फ छ । यो सबै परिस्थिति निर्माणमा

नेपालको छापामाध्यम र छापाको तिब्बती शरणार्थीको कभरेज प्राथमिकताले ठूलो भूमिका खेलेको छ ।

## आभार

प्रस्तुत लेख मेरो स्नातकोत्तर तहको शोधपत्र (अर्याल सन् २०११) मा आधारित छ । उक्त शोधपत्रका आधारमा यो लेख लेख्न मार्टिन चौतारीद्वारा 'चौतारी मिडिया फेलोसिप -२०११' प्रदान गरिएको थियो । यसका लागि मार्टिन चौतारी परिवारप्रति आभारी छु । उपयुक्त सुझाव दिएर लेखलाई यो रूपमा ल्याउन सहयोग गर्नुहुने हर्षमान महर्जन, अर्जुन पन्थी, देवराज हुमागाईं, प्रत्यूष वन्त, शेखर पराजुली, दीपक अर्यालप्रति कृतज्ञ छु । साथै, बारम्बार लेख्न प्रेरणा दिनुहुने निर्मलमणि अधिकारी, दीपक शर्मा, निराजन उप्रेती, सुभाष आचार्यलाई पनि सम्झन्छु । मेरी ममी कमला अर्यालप्रति यो लेख समर्पित गर्छु ।

## सन्दर्भसामग्री

कान्तिपुर । २०६७ । चीनसँग निर्यात व्यापारमा दलाई लामाको प्रभाव : अध्ययन । १९ कात्तिक, पृ. १४ ।

खरेल, पी. । २०६७ । उद्धरण स्रोतको परिचय र प्रयोग । *मिडिया अध्ययन* ५ : ३३-५७ ।

गोरखापत्र । २०६७क । राष्ट्रपति चीन भ्रमणमा, राष्ट्रपतिको स्वागतमा ल्हासामा रात्रीभोज । १० कात्तिक, पृ. १ ।

गोरखापत्र । २०६७ख । शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गर्नुपर्ने । ४ मंसिर, पृ. ३ ।

दाहाल, सुदर्शन । २०६७ । चीन भ्रमणले उब्जाएका तरङ्ग । *कान्तिपुर,* १० कात्तिक, पृ. ७ ।

पौडेल, लेखनाथ । २०६७ । चीन माओवादी सहयात्रा अविश्वसनीय र अपरिपक्व । *हिमाल* २०(१४) : १९ ।

बोहरा, रामेश्वर । २०६७ । चीनको बदलिँदो चाल । *हिमाल* २०(१४) : १७ ।

भट्टराई, चूडामणि । २०६७क । चीनको सन्देश 'हामी सहन सक्दैनौँ', स्वतन्त्र तिब्बत अभियान चर्किएकामा चिनियाँ आपत्ति । *नेपाल* ११(८) : २९ ।

भट्टराई, चूडामणि । २०६७ख । चासो चीन र भारतको ।*नेपाल* ११(२१) : २६-२७ ।

भण्डारी, शशिधर । २०६७ । भारतको राजनीतिमा अमेरिकी प्रभाव । *गोरखापत्र,* २६ कात्तिक, पृ. ६ ।

राई, लोकमणि । २०६७ । चीनसँग सम्बन्ध प्रगाढ । *कान्तिपुर,* १६ कात्तिक, पृ. १ ।

शर्मा, सुधीर । सन् २०१०क । छिमेकमा रणनीतिक साझेदारी र नेपाल । *कान्तिपुर,* २४ कात्तिक, पृ. ६ ।

शर्मा, सुधीर । सन् २०१०ख । रणनीतिक साझेदारी कि प्रतिस्पर्धा ? *कान्तिपुर,* १७ कात्तिक, पृ. ६ ।

सुवेदी, भवानी । २०६७ । भारत चीन प्रतिस्पर्धासँगै साझेदारी । *गोरखापत्र,* ४ पुस, पृ. ६ ।

Aryal, Achyut. 2011. Coverage of Tibetan Refugee in Nepali Print Media. MA. Thesis, Journalism and Mass Communication, TU.

Nayak, N. 2009. Involvement of Major Powers in Nepal Since the 1990s: Implications for India. *Strategic Analysis* 33(1): 41-53.

Sharma, Sushil. 2010. Hinda-Chini Vie Vie. *Spotlight* 4(8): 9-15.

Stein, M.L., and Paterno, Susan F. 2003. *The News Writer's Handbook*. Delhi: Surjeet Publications.